सुरक्षा परिषद्

Distr.: General
२१ जनवरी २०१०

Original: English

**प्रस्ताव १९०९ (२०१०)**

**सुरक्षा परिषद्को सन् २०१० जनवरी २१ का दिन बसेको बैठक सख्या ६२६२ बाट अनुमोदित**

*सुरक्षा परिषद्*

आफ्नो प्रस्ताव १८७९ (२००९), १८६४ (२००९), १८२५ (२००८), १७९६ (२००८) र १७४० (२००७) र अध्यक्षको सन् २००९ मे ५ को व्यक्तव्यको *स्मरण गर्दै* (एस/पिआरएसटी/२००९/१२),

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रता एवम् विस्तृत शान्ति सम्झौतासहित त्यसका परिपूरक सम्झौताको कार्यान्वयनमा नेपालको पूर्ण स्वामित्वमा *जोड दिंदै,*

नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले सन् २००६ नोभेम्बर २१ मा हस्ताक्षर गरेको विस्तृत शान्ति सम्झौता र स्थायी तथा दिगो शान्तिका लागि दुवै पक्षबाट व्यक्त प्रतिबद्धताको को *स्मरण गर्दै*

नेपाली जनताको शान्ति तथा लोकतन्त्र पुनर्बहालीप्रतिको दृढ इच्छा तथा यस सन्दर्भमा विस्तृत शान्ति सम्झौता कार्यान्वयन सहित सम्बन्धित पक्षहरूबाट भएका परिपूरक सम्झौताको महत्त्वलाई *स्विकार्दै,*

नेपाल सरकारको अनुरोध बमोजिम नेपालको शान्ति स्थापनाका निम्ति विस्तृत शान्ति सम्झौता सहित त्यसका परिपूरक सम्झौताहरूको विशेषगरी सन् २००८ जुन २५ को सम्झौताको सामयिक तथा प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउनका लागि आफ्नो जारी तत्परता *अभिव्यक्त गर्दै,*

नेपालको नयाँ लोकतान्त्रिक संविधान जारी गर्न तोकिएको अन्तिम समयसीमा सन्



Please recycle

२०१० मे २८ रहेको कुरालाई *ध्यान दिदैं,*

तोकिएको समय भित्रै संविधान जारी गर्ने र शान्ति प्रक्रियालाई तार्किक निश्कर्समा पुऱ्याउने ध्येयले हालै मात्र सम्पन्न उच्चस्तरिय राजनीतिक संयन्त्रको गठनलाई *स्वागत गर्दै,*

सम्पन्न सम्झौताको कार्यान्वयनका लागि अविलम्ब अगाडि बढन नेपालका सबै पक्षहरूलाई महासचिवले गर्नु भएको आव्हानलाई *प्रतिध्वनित गर्दै* सन् २००८ जुन २५ मा राजनीतिक दलहरूबीच सम्पन्न सम्झौता बमोजिम हतियार तथा सेनाको व्यवस्थापनका लागि सहयोग राम्ररी परिचालन गर्न नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अन्मिन) उपयुक्त भूमिकामा रहेको सम्बन्धमा महासचिवको मूल्याङ्कनलाई *ध्यान दिदैं* र यस सन्दर्भमा दिगो समाधानका लागि अनुरोध भए बमोजिम पक्षहरूलाई सघाउन अन्मिनको क्षमतालाई *स्वीकार गर्दै,*

अन्मिनका सम्बन्धमा महासचिवको सन् २०१० जनवरी ८ को प्रतिवेदनको *स्वागत गर्दै,*

दुई चरणको प्रमाणीकरण सम्पन्न गरेको स्मरण गर्दै एवम् राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १७४० (२००७) तथा विस्तृत शान्ति सम्झौता अनुरूप दुवै पक्षका हतियार तथा सेनाको व्यवस्थापनको कामलाई निरन्तर सहयोग पुऱ्याएकोमा *स्वागत गर्दै* अन्मिनको कामको समापनका लागि आवश्यक परिस्थिति बनाउन सहयोग गर्न दीर्घकालीन समाधानको आवश्यकता महत्त्वपूर्ण भएको उल्लेख गर्दै र यस सम्बन्धमा महत्त्वपूर्ण कार्यहरूमा विना ढिलाइ सम्बोधन गर्नुपर्ने आवश्यकताको *उल्लेख गर्दै,*

नाबालिगका रुपमा प्रमाणित भइ योग्य नठहरिएका माओवादी सेनाका सदस्यहरूको बिदाई र पुनर्स्थापना प्रक्रियाका सम्बन्धमा सन् २००९ डिसेम्बर १६ मा एनेकपा (माओवादी), नेपाल सरकार र संयुक्तराष्ट्रसंघ बीच कार्ययोजनामा सम्पन्न हस्ताक्षरको स्वागत गर्दै, यस प्रक्रियाको पूर्ण र चूस्त कार्यन्वयन गर्नकालागि सबै राजनीतिक दललाई आह्वान गर्दै र सुरक्षा परिषद्को प्रस्ताव १६१२ (२००५) र १८८२ (२००९) अनुसार उक्त बिषयमा रिपोर्टीङ जारी राख्न *आग्रह गर्दै,*

प्रस्ताव १७४० (२००७)ले तय गरेको अन्मिनको कार्यदिशका केही अवयवका साथै संविधानसभाको सफलतापूर्वक सम्पन्न निर्वाचनको *पुनःस्मरण गर्दै;*

अन्मिनको योगदानको कदर गर्दै र यसको कार्यावधि १५ मे २०१० सम्मका लागि



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN
THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

थप गर्न अनुरोध गरिएको बेहोरा सहितको नेपाल सरकारले ९ जनवरी २०१० मा (एस/२०१०/२५) महासचिवलाई लेखेको पत्रलाई समेत *ध्यान दिदैं;*

विस्तृत शान्ति सम्झौता तथा राष्ट्रसंघीय प्रस्ताव १३२५ (२०००) मा उल्लेख भए अनुसार शान्ति प्रक्रियामा महिला, बालबालिका तथा परम्परागत रूपमा सीमान्तीकृत समूहहरूको आवश्यकतामा विशेष ध्यान पुऱ्याउनु पर्ने कुरा *स्विकार गर्दै;*

अन्तराष्ट्रिय मान्यता अनुरूपको स्वतन्त्र राष्ट्रिय मानवअधिकार सम्बन्धि संस्थाहरूको क्षमता अभिवृद्धिका साथै मानवअधिकारको संरक्षण र प्रवर्द्धन तथा दण्डहिनतालाई सम्बोधन गर्ने आवश्यकताको *पहिचान गर्दै;*

लोकतान्त्रिक रूपान्तरण तथा द्वन्द्व रोकथाममा नागरिक समाजले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु सकने कुरालाई *आत्मसात गर्दै,*

महासचिवका प्रतिनिधि र अन्मिनका टोली, नेपालमा कार्यरत राष्ट्रसंघीय टोली र सरकारको अनुरोधमा मानवअधिकार अनुगमन गरिरहेको मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयको योगदानको *सरहाना गर्दै* मिसनको कार्यादिशको समापन पश्चात मिसनका कार्यहरूको निरन्तरता सुनिश्चित गर्न मिसन र संयुक्त राष्ट्रसंघका अन्य प्रतिनिधिहरूबीच आफ्नो कार्यक्षेत्रमा हुने सबै काममा संयोजन र समायोजनको आवश्यकतालाई *इङ्गित गर्दै,*

१. अन्मिनको कार्यादिशका केही अवयव सम्पादित भइसकेको तथा सन् २००८ जुन २५ मा राजनीतिक दलहरूबीच सम्पन्न सम्झौता बमोजिम हतियार तथा सेनाको व्यवस्थापनको अनुगमनको जारी कार्यलाई ध्यान दिदै नेपाल सरकारको अनुरोध तथा महासचिवको नविकरणका लागि गरिएको सिफारिसको आधारमा राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १७४० (२००७) मा उल्लेख भए अनुरूप स्थापित अन्मिनको कार्यावधि १५ मे २०१० सम्मका लागि नवीकरण गर्ने निर्णय गरिएको छ, र यसले नेपालको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सहयोग गर्नेछ।

२. १५ मे २०१० भित्र अन्मिनको कार्यादिशको प्रमुख पक्षहरूको समापन सहज बनाउन शान्ति प्रक्रियाको सहयोगमा अन्मिनको कार्यदिश अन्तर्गत रहेर अन्मिनको विशेषज्ञता तथा तत्परताको पूर्ण फाइदा लिन सबै पक्षहरूलाई आह्वान गर्छ;

३. दलहरूसँग सहकार्य गर्दै, सन् २०१० मे १५ भित्र अन्मिनले बाँकी रहेका अनुगमनलगायतका जिम्मेवारीलाई हस्तान्तरण गर्न तथा आफ्नो फिर्ति सम्बन्धमा नेपाल सरकारसँग आवश्यक प्रबन्ध गर्ने निर्णय गर्छ;



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

४. १५ मे २०१० भित्र माओवादी सेनाका सदस्यहरूको समायोजन तथा पुनर्स्थापनाको निम्ति तयार पारिएको समयबद्ध कार्ययोजना सम्बन्धमा नेपाल सरकार र एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच हालै भएको समझदारीको *स्वागत गर्दै* माओवादी सेनाका सदस्यहरूको रेखदेख, समायोजन र पुनर्स्थापना गर्ने विशेष समिति र प्राविधिक समितिको सहयोग लिँदै उक्त कार्य योजनाको कार्यान्वयन र समापनको निम्ति सहकार्य गर्न सम्बन्धित पक्षहरूलाई आह्वान गर्छ,

५. शान्ति प्रक्रियालाई गति प्रदान गर्न र देशलाई शान्तिपूर्ण, प्रजातान्त्रिक तथा अझै उज्ज्वल भविष्यतिर डोऱ्याउन दीर्घकालिन समाधान तर्फको रुपान्तरणलाई निरन्तरता दिदै सहयोग, सहमति र सम्झौताको भावनाले मिलेर काम गर्न नेपालका सबै राजनीतिक दलहरूलाई आह्वान गर्छ;

६. कार्यदेशबमोजिम कार्य गर्न गराउन खटिएका अन्मिन र सम्बन्धित कर्मचारीहरूको आगमनको स्वतन्त्रता तथा सुरक्षाको प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने कदम चाल्न नेपालका सम्बद्ध पक्षहरूसमक्ष आग्रह गर्छ;

७. १ मे भित्र यस निर्णयको कार्यान्वयनसम्बन्धी प्रतिवेदन सुरक्षा परिषद्‌लाई बुझाउन महासचिवलाई आग्रह गर्छ।

८. यस विषयमा सचेत रहिरहने *निर्णय* गर्छ।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)